नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०१।११

# नलगाड नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधी, २०८३

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट ।

# नलगाड नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यबिधी,२०८३

**प्रस्तावना :** स्थानिय विकास प्रक्रियामा टोल तथा वस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चत गर्दै समाजको आर्थिक,सामाजिक ,सास्कृतिक लगायतका विकासका सवै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र वसोवास गर्ने नागरिकहरुको सहभागितमा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरि टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वारञ्छनिय भएकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि नलगाड नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधी स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधी ,२०८३ रहेको छ ।

(२) यो कार्यविधी कार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) “कार्यालय” भन्नाले नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) “टोल विकास संस्था” भन्नाले टोल वस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधीहरुको उपस्थितिमा विकास निर्माण,सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ग) “पदाधिकारी” भन्नाले संस्थाको कार्य समितिका अध्यक्ष,उपाध्यक्ष ,कोषाध्यक्ष सचीव र सदस्यहरु समेतलाई सम्झनु पर्छ ।

(घ) “वैठक” भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै वैठक सम्झनु पर्छ ।

(ङ) “वडा” भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

(च) “विधान” भन्नाले संस्थाको विधानलाई सम्झनु पर्छ ।

(छ) “समिती” भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

(ज)“साधारण सभा” भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झुन पर्छ ।

(झ) “सस्था” भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ ।

CamScanner

## परिच्छेद -२

## संस्थाको गठन तथा सूचीकृत सम्वन्धी व्यवस्था

**३. संस्थाको गठन :-** (१) नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा वस्तीका वासिन्दाको आमभेलावाट टोल तथा वस्ती भित्रका घरधुरी समावेश गरि टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) वमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय वमोजिका पदाधिकारी तथा सदस्यहरु रहनेछन्

(क) अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ग) कोषाध्यक्ष १ जना

(घ) सचीव १ जना

(ङ) सदस्यहरु (३ देखि ७ जना सम्म)

(३) उपदफा (२) वमोजिम संस्था गठन गर्दा टोल तथा वस्ती भित्रका एक घरधुरीवाट एक भन्दा वढी नपर्ने गरि भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलावाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ । तर यस दफा वमोजिम आमभेला सर्वसम्मत हुन नसकेमा उपस्थि सदस्यहरुो वहुमतवाट कार्य समिति गठन गर्न वाधा पर्ने छैन ।

(५) कार्य समितिको कार्यविधी गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(६) अध्यक्ष, उपाध्यक्ष,कोषाध्यक्ष र सचीवको पदमा लगातार दुई कार्यकाल भन्दा वढी सोही पदमा काम गर्न सक्ने छैन ।

(७) कार्य समतिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनु पर्नेछ ।

(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्ने छ ।

(९) उपदफा ८ वमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नु पर्ने छ ।

(१०) यस कार्यविधी वमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्ने छ ।

(११) संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुने छ । साधारण सभाले टोल तथा वस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाईएमा वा कुनै घरधुरी वा वस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा वस्ती लाई सम्वन्धित संस्थामा समावेश गर्न लगाउने छ ।

CamScanner

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका वढीमा १०० घरधुरी समेट्ने गरि टोल विकास संस्थाको सदस्य वन्न पाउने छैन ।

**४. कार्य समितिका पदाधिकारीको पद रिक्त सम्वन्धि व्यवस्था :** (१) दफा ३ वमोविजम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय वमोजिमको अवस्थामा रिक्त हुने छ ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको वैठामा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजिनामा दिएमा ।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजिदारी अभियोगमा कसुरदार ठहरिएमा

(ग) मृत्यु भएमा

(२) उपदफा (१) वमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको वाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्ने छ । अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले वाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येवाट कुनै सदस्यलाई त्यस्तो पदमा कामकाज गर्न लगाउन सक्ने छ ।

**५. संस्था सूचीकृत :** संस्थाको सचीकृत देहाय वमोजिम हुनेछ :

(क) संस्थाको आमभेलाले निर्णय गरि अनुसूची १ वमोजिमको ढाँचामा सोही निवेदनमा उल्लेखित कागजातहरु समावेश गरि संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्ने छ ।

(ख) उपदफा (१) वमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सवै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ वमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाणपत्र उपलब्ध गराउनु पर्ने छ

(ग) दफा (क) वमोजिम प्राप्त निवेदन वमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा वस्ती छुटेको पाईएमा त्यसरी छुटेको छुटेको घरधुरी वा वस्ती समावेश गरि सूचीकरणको लागि पुन निवेदन पेश गर्न निर्देशन दिन सक्नेछ ।

(घ) वडा कार्यालयले यस दफा वमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा कार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने छ

## परिच्छेद -३

## संस्थाको काम ,कर्तब्य र अधिकारहरु

**६. टोल विकास संस्थाका कार्यहरु :** (१) टोल विकास संस्थाका काम ,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने,

(ख) सामुदायिक सद्भाव ,सहिष्णुता र भाईचाराको विकास गर्ने

CamScanner

(ग) टोलमा सञ्चालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा ,कार्यान्वयन र सुपरिवेक्षेण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने

(ङ) टोलमा सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन,सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने ।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धि खोज,उद्धार ,राहत वितरण ,पुनर्निमाण तथा पुनर्स्थापना लगायतका कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनका लागि सहयोग गर्ने गराउने ।

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने गराउने ।

(झ) सडक वत्ति, सामुदायिक पार्क ,सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पतिको सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

(ञ) कानुन वमोजिम तिर्नु पर्ने कर ,दस्तुर ,सेवाशूल्क वुझाउने कार्यमा सहजिकरण गर्ने ।

(ट) टोलमा वसोवास गर्ने गरिव,अशक्त अपाङ्गता भएका ब्यक्ति तथा वेरोजगार ब्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको ब्यवस्थापन र गुणस्तर सुधारका लागि सहयोग गर्ने ।

(ड) जन्म ,मृत्यु, वसाईसराई ,सम्वन्ध विच्छेद, विवाह जस्ता ब्यक्तिगत घटना दर्ताको लागि टोलवासीलाई उत्साहित र सहजिकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजिकरण गर्ने ।

(ण) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न ,माछामासु,तरकारी ,फलफूल,पेय पदार्थ लगायत दैनिक उपभोग्य सामाग्रीको गुणस्तर र मूल्य सूचीको वारेमा जानकारी राखी वजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(थ) उपभोक्ता हक हित र संरक्षणका लागि पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने ।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरि वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानिय आर्थिक विकासका संभावनाका वारेमा छलफल गरि स्थानिय तह गैह्र सरकारी तथा निजी क्षेत्रसँग समन्वय ,सहिजकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्टिय भवन निर्माण संहिताको पालनाको लागि टोल वासीहरुलाई प्रोत्साहित गर्ने ।

(प) विद्यालय भर्ना ,खोप अभियान,साक्षरता अभियान ,सरसफाई ,लैङ्गिक हिँसा उन्मुलन जस्ता राष्टिय अभियानहरुमा सहयोग र समन्वय गर्ने ।

(फ) टोलमा धनी र गरिवको भावना हटाई सवै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजिकरण गर्ने ।

CS CamScanner

(ब) घरेलु हिँसा,यौनजन्य हिँसा,मानव तस्करी वालश्रम तथा आध्यात्मिक श्रम ,छाउपडी लगायतका सामाजिक अपराधजन्य गतिविधीहरुको न्यनिकरण तथा अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(भ)टोलमा उद्यम विकास सँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक सहजिकरण गर्ने ।

(म) टोल विकासका लागि विभिन्न श्रोतवाट प्राप्त वजेट तथा कार्यक्रमको उच्चतम प्रयोग गर्ने ।

(य)टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरुको कार्यान्वय गर्न सहयोग गर्ने ।

(र) आफ्नो टोललाई वातावरण मैत्री ,वालमैत्री ,पोषणमैत्री तथा पूर्ण सरसफाईयुक्त वनाउन कार्यक्रमहरु सञ्चालन गर्ने तथा वडा कार्यालय र नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग समन्वय तथा सहजिकरण गर्ने ।

(ल) वडा कार्यालय ,नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद -४

### संस्थाको कार्य समितीको वैटक र पदाधिकारीहरुको काम,कर्तब्य र अधिकार

**७. संस्थाको कार्य समितको वैठक :** (१) संस्थाको कार्य समितीको वैठकको सञ्चालन देहाय वमोजिम हुने छ :-

(क) कार्य समितीको वैठक महिनामा कम्तिमा १ पटक र आवश्यकता अनुसार वस्नेछ

(ख) समितीको वैठकमा वडा समिती तथा नगरपालिकाका जनप्रतिनिधी ,विज्ञ तथा अन्य सरोकारवालहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितीको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको वैठकको निर्णयहरु वैठकमा उपस्थित पदाधिकारीहरुवाट हस्ताक्षर गरि प्रमाणित गराउनु पर्ने छ ।

(२) उपदफ(१) वमोजिम वस्ने कार्यसमितिको वैठकको माईन्यूट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोवार सँग सम्वन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष,सचीव र कोषाध्यक्षको जिम्मामा रहनेछन्

(३) कार्य समितको वैठक संस्थाको कार्यालयमा वस्ने छ ।संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्य समितिका सवै सदस्यलाई पायक पर्ने गरि उपयुक्त स्थानमा वैठक वस्ने गरि अध्यक्षले स्थान तोक्न सक्ने छ

**८. संस्थाको कार्य समितीका पदाधिकारीहरुको काम कर्तब्य र अधिकार:**

संस्थाका पदाधिकारीहरुको काम,कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) अध्यक्षको काम,कर्तब्य र अधिकार

CamScanner

(क) संस्थाको नियमित वैठक वोलाउने,वैठकका लागि मिति,समय र स्थान तोक्ने
(ख) वैठकको अध्यक्षता गरि वैठक सञ्चालन गर्ने ।
(ग) वैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
(ङ) संस्थाका निर्णयहरु लागु गर्ने गराउने ।
(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।
(छ) आवश्यकता अनुसार विशेष वैठक वोलाउने ।
(ज) कार्य विधी वमोजिम अन्य कार्यहरु गर्ने ।

(२) <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने भनि तोकिएका कार्यहरु गर्ने ।
(ख) कार्य समितीले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) <u>सचीवको काम कर्तब्य र अधिकार</u>

(क ) अध्यक्षको आदेश अनुसार वैठक वोलाउने ।
(ख) छलफलका प्रस्तावहरु संकलन गरि वैठकमा पेश गर्ने र वैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने ।
(ग) संस्थाको क्रियाकलापको वारेमा सदस्यहरुलाई जानकारी गराउने ।
(घ) कार्य समितीले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) <u>कोषाध्यक्षको काम कर्तब्य र अधिकार</u>

(क) संस्थाको आम्दानी र खर्चको हिसाव राख्ने तथा विवरण तयार गर्ने
(ख) वैकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने
(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने
(घ) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने

(५) <u>सदस्यहरुको काम,कर्तब्य र अधिकार</u>

(क) समितीको वैठकमा उपस्थित हुने र छलफलमा सक्रियरुपमा सहभागी हुने
(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने र निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता अनुसार समितिको वैठकमा छलफल गराउने
(ग) आवश्यकता अनुसार अध्यक्ष,उपाध्यक्ष ,सचीव र कोषाध्यक्षको काममा सघाउने
(घ) कार्य समितीले तोकेका अन्य कार्यहरु गर्ने

## परिच्छेद - ५

## आर्थिक ब्यवस्थापन

९. <u>संस्थाको आम्दानी :</u> (१) संस्थाले देहाय वमोजिमका क्षेत्रवाट आम्दानी प्राप्त गर्न सक्नेछ
(क) नगरपालिकावाट प्राप्त हुने अनुदान रकम

CamScanner

(ख) सरकारी वा गैह्र सरकारी निकायहरु,सामुदायिक संस्था तथा व्यक्तिहरुवाट प्राप्त हुने सहायता तथा अनुदानको रकम

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरि प्राप्त हुने आम्दानी

(घ) नगरपालिका अन्य सरकारी निकाय तथा गैर सरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनका लागि सम्झौता वमोजिम प्राप्त रकम

(ङ) संस्थाका सदस्यहरुवाट प्राप्त शूल्क तथा सहयोगको रकम

(च) अन्य स्रोतवाट प्राप्त गरेको रकम

(२) संस्थाको नाममा प्राप्त हुने सवै रकम संस्थाको नाममा रहेको वैक खातामा जम्मा गर्नु पर्ने छ ।

१०. <u>संस्थाको खर्च :</u> संस्थाको खर्च देहाय वमोजिम हुनेछ :

(क) कुनै निकायवाट सम्झौता वमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लेखित शर्त वमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्ने छ

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्वन्धि खर्च कार्यसमितीको निर्णय वमोजिम हुनेछ

११. <u>संस्थाको लेखा प्रतिवेदन तथा अन्य</u>

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिशमा नगर कार्यपालिकाको कार्यालयले तोकेको वैकमा सञ्चालन हुने छ

(२) उपदफा (१) वमोजिमको वैक खाता कम्तीमा १ जना महिला हुने गरि संस्थाका अध्यक्ष ,उपाध्यक्ष र सचीव मध्य कुनै २ जना र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन हुने छ

(३) कोषाध्यक्षले संस्थाको सवै प्रकारको नगदी तथा जिन्सी आम्दानी ,सम्पूर्ण खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नु पर्ने छ

(४) कोषाध्यक्षले आम्दानी र खर्चको हिसाव किताव चौमासिक रुपमा कार्य समिति वैठकमा पेश गर्नु पर्ने छ

(५) कार्य समितीले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोवारको यथार्थ विवरण तयार गरि आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र टोल भेलामा पेश गर्नु पर्ने छ

(६) संस्थाले आफ्नो वार्षिक कारोवारको प्रतिवेदन साधारण सभा ,सम्वन्धित वडा कार्यालय र नगरपालिकामा पेश गर्नु पर्ने छ

(७) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरि आवश्यक निर्देशन दिन सक्ने छ

१२. <u>जिन्सि तथा वस्तुगत सहयोग लिन सक्ने:</u>

(१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विपद प्रभावित व्यक्तिको उद्धार राहत तथा पुर्नस्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय,गैर सरकारी संघसंस्था निजी क्षेत्र तथा व्यक्ति विशेषवाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्ने छ ।

CamScanner

(२) संस्थाले उपदफा (१) वमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदवाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्ने छ

(३) संस्थाले यस दफा वमोजिम प्राप्त सहयोगको वितरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्ने छ

## परिच्छेद -६

## विविध

**१३.समन्वय समिति :** (१) संस्थाको कामको अनुगमन तथा समिक्षा गरि पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहाय वमोजिमको समन्वय समिती रहनेछ

(क) वडाध्यक्ष — संयोजक

(ख) वडासमितीका सदस्यहरु — सदस्य

(ग) टोल विकास संस्थाका अध्यक्षहरु मध्येवाट संयोजकले तोकेको ३ जना — सदस्य

(घ) वडा सचीव — सदस्य सचीव

(२) उपदफा (१) को खण्ड (ग) वमोजिमका सदस्यहहरुको पदावधि २ वर्षको हुने छ ।उक्त पदावधि समाप्त भए पछि संयोजकको कार्यकाल नदोहोरिने गरि वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येवाट तीन जना मनोनयन गर्नु पर्ने छ

(३) उपदफा (१) वमोजिमका समितिको वैठक कम्तीमा चौमासिक रुपमा वस्नेछ

(४) उपदफा (१) वमोजिमको समितिले वडा भित्रका सवै संस्थाको काम कारवाहीलाई प्रभावकारी वनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्ने छ

(५) उपदफा (१) वमोजिमको समितीले संस्थाको काम कारवाहरुको सम्वन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्ने छ

**१४. वाधा अड्काउ फुकाउन सक्ने :** यो कार्यविधी कार्यान्वयको क्रममा कुनै वाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो वाधा अडचन फुकाउन सक्नेछ

**१५. कार्य समिति भंग गर्न सक्ने :** सार्वजनिक सम्पतिको हिनामिना गर्ने,प्रचलित कानुन विपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाईएमा त्यस्तो कार्य समितिलाई सम्वन्धित वडा समितिको सिफारिशमा कार्यपालिकाले भंग गर्न सक्ने छ ।यसरी कार्य समिती भंग भएको अवस्थामा १ महिना भित्र यसै कार्यविधी वमोजिम नयाँ कार्य समिती गठन गर्नु पर्ने छ

**१६. कार्यविधी संशोधन तथा खारेज गर्न सक्ने :**

(१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधी संशोधन तथा खारेज गर्न सक्ने छ

(२) उपदफा (१) वमोजिम यो कार्यविधी खारेज भएको अवस्थामा यस कार्यविधी वमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ ।

CamScanner

अनुसूची -१

## टोल विकास संस्थालाई नगरपालिकामा सूचीकृत गर्ने निवेदनको नमूना

मिति : ................

श्रीमान् सचिव ज्यू ,
वडा समितिको कार्यालय
वडा नं. .......
नलगाड नगरपालिका दल्ली जाजरकोट ।

विषय : टोल विकास संस्था सूचीकृत गर्ने सम्वन्धमा ।

उपर्युक्त सम्वन्धमा यस नगरपालिकाको वडा नं.........स्थित ......टोलमा गठन गरिएको ..................टोल विकास संस्थालाई ...........सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ........टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र रहनेछ ।

संलग्न कागजाताहरु :

टोल भेलाको उपस्थिति र निर्णय
कार्य समितिका पदाधिकारी र सदस्यहरुको नाम ,थर

पूर्व सिमाना :...............
पश्चिम सिमाना :..........
उत्तर सिमाना :.............
दक्षिण सिमाना :............
हालका जम्मा घरधुरी : ......

निवेदक :
समितीको तर्फवाट
अध्यक्षको नाम : .........................
टोल विकास संस्थाको नाम: .................
ठेगाना : ........................

CamScanner

अनुसूची -२

नलगाड नगरपालिका

………नं. वडा कार्यालय

जाजरकोट ।

## टोल विकास संस्थाको सूचीकृत प्रमाण -पत्र

नलगाड नगरपालिका वडा नं……………स्थित …………………मा गठन भएको ……………………टोल विकास संस्थालाई यस कार्यालयमा मिति ……………………मा सूचीकृत गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

यस नगरपालिकाको आर्थिक ,सामाजिक ,साँस्कृतिक तथा भौतिक पूर्वाधार विकास र सुशासन कायम गर्ने कार्यमा यस टोल विकास संस्थाको सक्रिय सहभागीताको अपेक्षा गर्दछु

…………………………

वडा सचिव

मिति २०८३ साल … महिना ….गते रोज्……शुभम्

CS CamScanner